नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १९६ २०७९ साल फागुन २२ गते सोमबार (6 Mar. 2023 Monday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : डम्फू-मृदङ्गको तालमा.. ३ पृष्ठमा : बैंक तथा लघुवित्तका समस्या ... ३ पृष्ठमा ःचीनको वार्षिक रक्षा बजेट...

# नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा सहिद परिवार अझै पनि पीडामा : मन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

मधेश प्रदेशकी वन, पर्यटन तथा उद्योग मन्त्री सुनिता यादवले सहिद परिवारका लागि सरकारले बनाएको नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा सहिद परिवार अझै पनि पीडामा बसिरहेको गुनासाहरु बेला बेलामा आउने गरेको बताएकी छिन् ।

सहिद सप्ताहको अन्तिम दिन आईतवार नेकपा माओवादी केन्द्र सप्तरीले आयोजना गरेको "सहिद एवम् वेपत्ता परिवारका योद्धाको अभिनन्दन समारोह" मा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन ।

आफ्नो जन्मथलो धनुषा भएपनि जनयुद्धका बेला कर्मथलो सप्तरी नै भएकाले यहाँका जनताप्रति विशेष लगाव रहेको समेत उनले बताइन । सो अवसरमा ४० जना सहिद परिवारलाई मन्त्रि यादवले सम्मान गरेकी थिइन ।

उनले जनयुद्धका क्रममा आफ्नै परिवारका तीन सदस्यलाई गुमाएकाले सहिद परिवारको पीडा नजिकबाट बुझेको र महसुस गरेको बताइन् । जनयुद्धकै क्रममा आफ्नो बुवा रामवृक्ष, पति डम्बर र भाई शेखरलाई गुमाउनु परेको पीडा अझै मसँग छ, उनले भनिन, "त्यसैले शहिदर परिवारले भोगिरहनु परेको पीडा बारे म पूर्ण जानकार छु, नजिकबाट महसुस गरेकी छु ।"

उनले यसको समाधानका लागि मेरो तर्फबाट कुनै कसर बाँकी नरहने बताइन् । सहिदको वलिदानका कारण निरंकुशता अन्त भई लोकतन्त्र, गणतन्त्र स्थापना हुँदै मुलुकले नयाँ संविधान पाएसँगै समृद्धिको यात्रामा देश अघि बढेको जिकिर गर्दै उनले सहिद परिवारलाई राज्यले दिने सुविधामा कुनै कन्जुस्याई स्वीकार्य नहुने दृढता व्यक्ति गरिन ।

पूर्व मन्त्री एवम् नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष उमेश प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य असर्फी सदा, अरुण साह अनिल, पूर्व प्रदेश कमिटि सदस्य छेदी रजक विमल, भागवत यादव, वाइसीएलका केन्द्रीय सचिव शिव कुमार राम, पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, प्रेस सेन्टर मधेश प्रदेशका महासचिव गोपाल प्रसाद गुप्ता, सहिद परिवारकी रीता चौधरी लगायतले पनि सहिदको योगदान बारे चर्चा गरेका थिए ।

# श्रोत नखुलेको रुपैयाँसहित भारतीय नागरिक पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ खाडो खोला नजिकबाट श्रोत नखुलेको ८६ हजार ६ सय ५० भारतीय रुपैयाँसहित एक भारतीय व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारतको बिहार

*बाँकी अन्तिम पृष्ठमा*

# सरकारले पत्रकारको हकहितका लागि काम गर्नुपर्नेमा पूर्वमन्त्री साहको जोड




**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

प्रेस मञ्च नेपालको दोश्रो सप्तरी जिल्ला अधिवेशन आइतबार राजविराजमा सम्पन्न भएको छ ।

अधिवेसनको एक कार्यक्रमकाबीच उद्घाटन गर्दै मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साहले पत्रकारहरुले व्यवस्था परिवर्तनका लागि गरेको योगदानको प्रशंसा गरे । उनले पत्रकारिता क्षेत्रमा देखिएका बिकृती, बिसंगतिलाई हटाएर इमान्दारीपूर्वक कलम चलाउनुपर्नेमा जोड् दिए ।

पत्रकारहरुको सुरक्षा र वृत्तिविकासका निम्ति राज्यले ध्यान नदिएको भन्दै उनले सरकारले पत्रकारको हकहितका लागि काम गर्नुपर्नेमा जोड् दिए ।

कार्यक्रममा बोल्दै प्रेस मंचका महासचिव अवधेश कुमार झाले पत्रकारहरु अहोरात्र काम गरेपनि राज्यले यथोचित ध्यान दिन नसकेको बताए ।

आम संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारको हकहितका निम्ति काम गर्न खोजिएपनि कर्मचारी अभावका कारण गर्न नसकिरहेको दोहोऱ्याए ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, केन्द्रीय सदस्य ललिता साह,

*बाँकी दुई पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# डम्फू-मृदङ्गको तालमा गाइने जोगिरा हराउँदै

महोत्तरी, २१ फागुन (रासस)।

'होरी' (फागु) पर्व आउन दुई दिन मात्रै छ। तर विगतका वर्षहरुमा देखिने फागुको रोमाञ्चकता तथा उत्साहपूर्ण पर्खाइ भने देखिएको छैन।

मिथिलामा फागुको स्वागतमा हार्मोनियमको मिठो राग, लय एवं डम्फू र मृदङ्गको तालमा जम्ने जोगिराको दलान भने देखिन छाडेको छ। श्रीपञ्चमी (वसन्तपञ्चमी) सँगै अबेर रातिसम्म गुञ्जने जोगिरा (फागुविशेष गीत) अब महोत्तरीसहितका मिथिलामा सुन्न छाडिएका छन्।

श्रीपञ्चमी पर्व (माघ शुक्ल पञ्चमी) मा वसन्त उत्सव सुरु गरिएसँगै मृदङ्ग, हारमोनियम र डम्फू (जोगिराका वाद्यबादन)का तालमा प्रत्येक रात मिथिलाका बस्ती-बस्तीमा गाइने जोगिरा (फागुन उत्सवमा गाइने गीत) पछिल्ला दुई दशकयता कम सुनिन थालेको हो।

मिथिलाका बस्ती/बस्तीमा टोलैपिच्छे घरदलानमा गवैया (गायक) का समूहले गाउने जोगिराले दिने फागु पर्व नजिकिएको सन्देस अब सुन्न छाडिएकोमा यहाँका बुढापाकाको चिन्ता छ। एउटा बस्तीका गवैया एक ठाउँ भेला भएर सामूहिक रुपमा गाइने जोगिराले होरी (फागु) को सन्देश दिन र उमङ्गित बनाउने विषय अब कथामा मात्रै भएको महोत्तरीको बर्दिवास नगरपालिका-९ पशुपतिनगरका पुराना जोगिरा गवैया ६० वर्षीय छठु महतोको भनाइ छ।

"कुनै समय थियो जतिबेला हामी जोगिरा गाउन थालेपछि डेढ महिनासम्म पूरै बस्ती उमङ्गमा हुन्थ्यो", महतोले विगत सम्झँदै भन्नुभयो, "अहिले जोगिरा सुन्न मन व्यग्र हुन्छ।" खासगरी विसं २०५२ मा माओवादी जनयुद्ध सुरु भएपछि सुरक्षाको चिन्ताका कारण एक ठाउँ जम्मा हुने र रमाइलो गर्ने चलन हटेको महतोको भनाइ छ।

भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रउस मिसिएका शब्दावलिको संयोजनका जोगिरा (फागु गीत) सुन्न छाडिएपछि फागुपर्वको रौनक हराउँदै गएको यहाँका बुढापाकाको गुनासो छ।

"हेर्नोस बाबु, अब फागु पर्व आउन केही दिनमात्र बाँकी छ, तर, फागु आउँदैछ भन्ने भान नै पर्दैन", बर्दिवास नगरपालिका-९ पशुपतिनगरका ८० वर्षीया नथुनी महतोले दुःखेसो पोख्नुभयो। जोगिरा गवैया समूहभित्रका पुरानो पुस्ता मर्ने र बुढ्याइँले घरको कुनामा थन्किने क्रमसँगै नयाँ पुस्ताले यो संस्कृतिबारे चासो नदिएपछि अब यो लोपकै अवस्थामा पुगेको महतोकै छिमेकी ७० वर्षीय धनीराम महतो बताउनुहुन्छ।

आपसी सद्भाव, भातृत्व र उमङ्गको प्रतीक मानिने फागु (होली) पर्वमा हास-परिहास, ठट्टा गरिनेबीच गीतबाटै गरिने छेडखानी, प्रेमयुक्त भाव र रउसको संयुक्त प्रतिबिम्ब हुने जोगिरा सुन्न छाडिएपछि यो पर्व आउँदै गरेको छनक नै हुन छाडेको भङ्गाहा-३ का बासिन्दा नेपाली कांग्रेसका नगर सभापति ७५ वर्षीय रुपनारायण सिंह थारु बताउनुहुन्छ।

'हे डम्फाके चोट महलबीच पहुँचय, सुतली गोरिया चहक् उठय.. अही फागुन में ! जोगिरा..सररररर !! (जब डम्फूको आवाज घरभित्र पुग्दछ, सुतेकी नवयौवना जाग्छिन्..फागुमा) ख्यालठट्टा गर्न मैथिल सामाजिक स्वीकृति पाएको नाताबीच (साली-भिनाजु, देवर-भाउजु, सोल्टा-सोल्टी) बीच जोगिरा गीतमार्फत हुने ठट्टाले दिने मनोरञ्जन र कोठाभित्र लुकेर बसेकी नवयौवनालाई शृङ्गारिक गीतका भावले आउँदो होरीमा फागु खेल्न आउने चुनौतीपूर्ण निम्ता दिने यस्ता स्वर सुनिन छाडेको महोत्तरीकै एकडारा गाउँपालिकाको भटौलियाका बासिन्दा विजयकुमार कर्ण बताउनुहुन्छ।

सामाजिक छुवाछुत, उचोनिचो जात र भिन्नभिन्न धर्मसंस्कृतिभन्दा माथि उठेर एक अर्कोलाई अङ्कमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देस दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ। तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग श्रीपञ्चमीदेखि फागुन पूर्णिमासम्म गाइने जोगिरा लोप हुँदै गएर अब 'डिस्को' बज्न थालेपछि मैथिल मौलिकता हराउँदै गएको कर्णले चिन्ता व्यक्त गर्नुभयो।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवना मात्र नभइ गवैया समूहबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन। 'कई हाथ के धोती पहिरेई, कई हाथ के लपेटा, कई धार के पानी पिए, कई बाप के बेटा..! जोगिरा..सररर...!!' एकपक्षले अर्कोपक्षलाई 'कई बापके बेटा' (कतिवटा बाबुको छोरा) भनेर गीतमार्फत नै सोधिने भाव जोगिराबाहेक अरु बेला कल्पना पनि गर्न नसकिने मिथिला लोकसंस्कृतिका ज्ञाता जलेश्वर नगरपालिका-४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक (सेवानिवृत उपसचिव) ८० वर्षीय कृष्णचन्द्र झा बताउनुहुन्छ।

जोगिरामा कामोत्सव भाव, वीर रस, आफ्नो परम्परागत संस्कृतिप्रतिको गौरवबोध, अध्यात्मिक पक्ष र धार्मिक परम्पराप्रतिको समर्पण, माया प्रेम, उर्जा संस्कृतिको प्रचुरता, परम्पराको निरन्तरता र उमङ्गको भाव एकसाथ भेट्टाइने झा बताउनुहुन्छ।

राजनीतिक अधिकारका लागि मिथिला क्षेत्रमा नयाँ पुस्ताको आन्दोलनमा सहभागिता देखिए पनि संस्कृतिको जगेर्ना र संरक्षणमा भने खासै उत्साह नदेखिएको बुढापाकाको टिप्पणी हुने गरेको छ। आउने दिनमा मैथिल युवाले यहाँको मौलिक संस्कृति जगेर्नामा ध्यान दिनसके मिथिला संस्कृति र सभ्यताको पहिचान झन चहकिलो हुँदै जाने शिक्षण पेसाबाट अवकास लिनुभएका महोत्तरीको भङ्गाहा-७ मेघनाथगोरहन्नाका ६५ वर्षीय चन्द्रनारायण चौधरी (थारु) को नयाँ पुस्तालाई सुझाव छ।

मिथिलामा श्रीपञ्चमीसँगै जोगिरा सुरु हुने र मिथिला माध्यमिकी परिक्रमाको आठौं दिन महोत्तरीकै भङ्गाहा-९ कञ्चनवनमा राम सीताले अबीर खेलेको सम्झनामा यात्रीले रामजानकीलाई अबीर अर्पित गरी प्रसादस्वरुप एकअर्कालाई लगाइ दिएपछि रङ्गअबीरको पर्व विधिवत् सुरु भएको मानिने परम्परा रहँदै आएको छ।

फागुन विशेषको जोगिरा मात्र नभएर दसैं पर्वको 'ढोल' बज्न र 'झिझिया' गीतको तान्त्रिक नृत्य पनि देखिन, सुन्न छाडिएको बुढापाकाको चिन्ता छ। पछिल्ला केही दशकयता त मिथिलाका मौलिक संस्कृति भनिने जोगिरा र झिझियाजस्ता परम्परा कहिलेकाहीँ एनजिओ/आइएनजिओ (गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था) का कार्यक्रममा प्रायोजित रुपमा देखिँदा झनै उदेक लाग्ने गरेको भङ्गाहा-३ का बासिन्दा पूर्वप्रशासक ८४ वर्षीय तेजनारायण सिंह थारु बताउनुहुन्छ।

"हेर्नुहोस् बाबु, व्यक्ति/व्यक्ति नाच्ने, रोमञ्चित हुने र उत्सवमा रमाउने हाम्रा परम्परा अब नौला भएका छन्", थारुले भन्नुभयो, "अचेल औपचारिक कार्यक्रममा देखाइने प्रायोजित झिझिया, जोगिरा र डम्फूको प्रदर्शनले त हामी मैथिललाई जिस्क्याएजस्तो लाग्छ।"

यद्यपि यस्ता औपचारिक कार्यक्रममा देखाइने यी पारम्परिक सांस्कृतिक प्रदर्शनले नयाँ पुस्तालाई यी विषयमा सोच्न र तत्परता देखाउन भने सघाउने थारुको थप भनाइ छ।

# वन पैदावार समितिका कर्मचारी सात महिनादेखि तलबविहीन

काठमाडौँ, २१ फागुन (रासस)।

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वन पैदावार विकास समितिका कर्मचारीले गत भदौदेखिको तलब पाउन सकेका छैनन्।

आफ्नो उत्पादित वन पैदावार बिक्री गरी कर्मचारीको तलबभत्ता व्यहोर्दै आएको समितिले गत असार १६ मा ल्याइएको नयाँ वन नियमावलीको परिभाषाअनुसार काठ, दाउरा बिक्री गर्न नसकेपछि समस्या उत्पन्न भएको जनाएको छ। समितिअन्तर्गतका सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षरोपण आयोजनाबाट उत्पादन हुने टिक, सिसौं, कर्मा, जामुन, अस्ना, टुनी, शिरिष, भुडकुल, गुटेल, बाँझीआदि प्रजातिका बल्लाबल्लीको राजस्व दर नयाँ वन नियमावलीमा उल्लेख गर्न छुट भएकाले बिक्री वितरणमा समस्या आएको समितिको भनाइ छ।

समितिका आयोजना/परियोजनाबाट उत्पादन हुने लगभग ६० प्रतिशत काठ बल्लाबल्ली साइजका नै हुने र यिनै काठको बिक्रीवितरणबाट समितिको मुख्य खर्च चल्ने गरेको छ। नयाँ वन नियमावलीअनुसार उक्त प्रजातिका बल्लाबल्ली काठको राजस्व दरसमेत ठूला आकारका गोलिया काठकै रुपमा बुझाउनुपरेमा समितिले कुनै 'ओभरहेड' खर्च नपाउने भएकाले समितिको दैनिक काम चलाउन गाह्रो भएको शाखा अधिकृत अमरबहादुर चन्दले जानकारी दिनुभयो।

नियमावलीले व्यवस्था गरेको बिक्रीको 'नयाँ सूत्र'को प्रवधानका कारण एकातिर २७ दशमलव ३० प्रतिशत मूल्यवृद्धि भएको र अर्कोतिर बल्लबल्लीको राजस्व दर उल्लेख नहुँदा गोलिया काठकै राजस्व दरमा कटान मुछान खर्च मात्र जोडी बिक्रीका लागि पटकपटक सूचना प्रकाशित गर्दासमेत बिक्री नभएको उहाँले बताउनुभयो।

उत्पादित काठका सम्बन्धमा १८ इन्चभन्दा कम गोलाइका काठलाई दाउरा,१८ देखि ३१ इन्च गोलाइसम्मका काठलाई बल्लाबल्ली, ३१ देखि ४८ इन्चसम्म गोलाइका काठलाई 'बि' वर्गको गोलिया र ४८ इन्चभन्दा बढी गोलाइ भएको काठलाई 'ए' वर्गको गोलिया काठमा वर्गीकरण गरिएको छ। समस्या समाधानका लागि मन्त्रालयमा पटकपटक आग्रह गर्दासमेत हालसम्म कुनै ठोस पहल हुन नसकेको समितिको गुनासो छ।

हाल समितिको केन्द्रीय कार्यालयमा स्थायी आठ, करार पाँच र कार्यकारी अध्यक्ष एक जना, रतुवामाई आयोजनामा स्थायी १४, करार चार र दैनिक ज्यालादारीमा ३० जना तथा सागरनाथ परियोजनामा ३६ स्थायी, करार १० र दैनिक ज्यालादारीमा एकसय जना कार्यरत छन्। सबै कर्मचारीलाई तलब प्रदान गर्न मासिक करिब रु ७६ लाख खर्च हुँदै आएको छ।

यसबाहेक करिब डेढ वर्षदेखि उमेरहदका कारण विभिन्न मितिमा अनिवार्य अवकाश लिएका १३ कर्मचारीले हालसम्म उपदान रकम प्राप्त गर्न नसकेको उहाँले जानकारी दिनुभयो। विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति आफ्नो मातहतका वृक्षरोपण आयोजना/परियोजनामा छिटो हुर्किने प्रजातिका बोट, बिरुवाको वृक्षरोपण गरी हुर्किएका वयस्क रुखको कटान गरेर उत्पादित काठ दाउरा नेपाल सरकारलाई प्रचलित राजस्व बुझाई खुला प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गरी प्राप्त आम्दानीबाट सञ्चालन हुँदै आएको छ।

# स्ववियु निर्वाचनमा तीन विद्यार्थी सङ्गठनको तालमेल

काठमाडौँ, २१ फागुन (रासस)।

मध्यपश्चिम विश्वविद्यालय (मवि) हुने स्वतन्त्र विद्यार्थी युनियन (स्वविय) निर्वाचनमा तीन ठूला विद्यार्थी सङ्गठनले तामलेल गरेका छन्।

मध्यपश्चिम विश्वविद्यालयको आगामी चैत ३ मा हुन लागेको स्वविय निर्वाचनमा अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुबीच तालमेल गर्ने सहमति भएको छ।

अखिल (क्रान्तिकारी)का महासचिव दिपेश पुनले मध्यपश्चिम विश्वविद्यालय हुने स्ववियु निर्वाचनमा तीन विद्यार्थी सङ्गठनबीच ११ ठूला आङ्गिक क्याम्पसमा तालमेल गर्ने सहमति भएको जानकारी दिनुभयो।

उहाँका अनुसार अनेरास्ववियुले पाँच क्याम्पस, अनेरास्ववियु (क्रान्तिकारी)ले चार र अनेरास्ववियुले दुई क्याम्पसमा स्ववियु सभापतिमा समर्थन गर्ने गरी तालमेल भएको छ।

अनेरास्ववियुले सभापतिमा नारायण बहुमुखी क्याम्पस दैलेख, बागेश्वरी बहुमुखी क्याम्पस कोहलपुर, बबई बहुमुखी क्याम्पस बर्दिया, भेरी ज्ञानोदय बहुमुखी क्याम्पस

*बाँकी तीन पृष्ठमा*

### *सरकारले पत्रकारको ...*

शाखाका पूर्व अध्यक्षहरु बैद्यनाथ झा, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह लगायतले पत्रकारिता क्षेत्रलाई बदनाम गर्न बाहिरका व्यक्तिहरु लागिपरेकाले सबै मिलेर यो समस्याको समाधान गर्नुपर्ने बताए।

कार्यक्रममा जसपाका नेता शम्भु झा, जिल्ला अध्यक्ष केदार यादव, राजनीतिक समिति सदस्य अमरनाथ मण्डल, प्रेस मंचका उप महासचिव बैद्यनाथ यादव, वरिष्ठ पत्रकार अनिल कुमार अनल, नेपाल प्रेस युनियनका उपाध्यक्ष विनय कुमार लाल कर्ण, प्रेस चौतारीका अध्यक्ष डम्बर राईसहितकाले मन्तव्य व्यक्त गरेका थिए।

मंचका अध्यक्ष बृजमान तामंगको अध्यक्षतामा आयोजित उद्घाटन सत्रको संचालन सचिव जितेन्द्र झाले गरेका थिए। स्वागत मन्तव्य सदस्य विद्यानन्द रामले दिएका थिए।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बैंक तथा लघुवित्तका समस्या गम्भीर रूपमा लिएका छौं : प्रधानमन्त्री

काठमाडौँ, २१ फागुन (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बैंक तथा वित्तीय क्षेत्रका समस्यालाई सरकारले गम्भीरताका साथ लिएको र त्यसलाई समाधान गर्ने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आइतबार बैंक तथा वित्तीय क्षेत्रका समस्याको पहिचान र समाधानसम्बन्धी बैठकमा प्रधानमन्त्री प्रचण्डले बैंक तथा वित्तीय संस्थाको ब्याज, लघुवित्तका समस्या, व्यवसायीको चासो र वित्तीय अराजकता निम्त्याउन खोज्ने प्रवृत्तिलगायतका विषयलाई सरकारले गम्भीर रूपमा लिएको बताउनुभएको हो।

प्रधानमन्त्रीले भन्नुभयो, "बैंकको ब्याजदरलाई लिएर व्यवसायीका गुनासा देखिएका छन्। लघुवित्तका समस्याबारे दिनदिनैजसो समाचार प्रकाशित भइरहेका छन्। व्यवसायीले विभिन्न ढङ्गले चासो र चिन्ता राखेका छन्। यही मौकामा अराजक तत्वले वित्तीय अराजकता निम्त्याउने कोसिस गरिरहेका छन्। यी सबै परिघटनालाई मैले गम्भीर रूपमा लिएको छु।"

मुलुकको अर्थतन्त्र अप्ठ्यारो परिस्थितिमा रहेको उल्लेख गर्दै प्रधानमन्त्रीमा निर्वाचित भएपश्चात् मन्त्रिपरिषद्को पहिलो बैठकमा नै अर्थतन्त्रका समस्या समाधानका निम्ति निजी र सार्वजनिक क्षेत्रको सहकार्यमा अगाडि बढ्ने निर्णय गरिएको स्मरण गर्नुभयो।

"आइतबारको छलफल बैंक तथा वित्तीय क्षेत्र र लघुवित्तसमेतका समस्या समाधानमा केन्द्रित भयो। सरकार अर्थतन्त्रका समस्या समाधान गर्न तल्लीन छ", उहाँले भन्नुभयो, "बैंक र लघुवित्तका क्षेत्रमा जनताका गुनासोप्रति म जानकार र सचेत छु।"

उहाँले वर्तमान समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा निजी क्षेत्रबाट सुझावको अपेक्षा गरेको बताउनुभयो। "सरकार समस्या समाधानमा गम्भीर छ, आवश्यक भए यसका लागि उच्चस्तरीय आयोग बनाउन सकिन्छ", उहाँले भननुभयो।

बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले वर्तमानमा अर्थतन्त्रको अवस्थाबारे संक्षिप्त प्रस्तुत गर्दै अर्थतन्त्रका सूचकाङ्क सकारात्मक दिशातर्फ अग्रसर भइरहेको जिकिर गर्नुभयो।

बैठकमा निजी क्षेत्र तथा बैङ्किङ क्षेत्रका प्रतिनिधिले निजी क्षेत्रको अवस्थाको चर्चा गर्दै बैंक तथा लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधानका निम्ति सरकारलाई विभिन्न सुझाव प्रस्तुत गर्नुभएको थियो।

बैठकमा नेपाल सरकारका मुख्यसचिव, अर्थमन्त्रालयका सचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, उद्योग वाणिज्य महासङ्घका पदाधिकारी, विभिन्न व्यावसायिक सङ्गठनका प्रतिनिधि, बैंकर एशोसिएशनलगायत वित्तीय क्षेत्रका प्रतिनिधिलगायतको उपस्थिति थियो।

# जनकपुर-जयनगर रेलबीमा विना सञ्चालनमा

धनुषा, २१ फागुन (रासस)।

जनकपुर-जयनगर रेल सेवा सरकारको नीति विपरीत बीमा बिना नै सञ्चालन भइरहेको छ। नियमित सञ्चालनमा आएको झण्डै एक वर्ष हुन लाग्दा पनि व्यवस्थापकीय पक्षद्वारा बीमा नगरी रेल सञ्चालन गरेको पाइएको छ।

विसं २०७८ चैत १२ गतेदेखि नियमित रुपमा रेलसेवा सञ्चालन हुँदै आएको छ। भारतीय बजार जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर दुरीमा दैनिक दुई पटक रेल सेवा सञ्चालनमा छन्। सो मार्गमा सञ्चालित दुईवटा रेलबजेट अभावका कारण बीमा नगरीकनै सञ्चालन गर्नुपरेको नेपाल रेल्वे कम्पनीका इञ्जिनीयर रवीन्द्र साहले जानकारी दिनुभयो।उहाँले भन्नुभयो, "रकम अपुग भएपछि बीमा गराउन सकिएको छैन।"

दुवै रेलको बीमाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा रू १५ लाख र गत आवमा रू ३० लाख विनियोजन गरिएको थियो। एउटा बोगिसहितको रेलको बीमाका लागि रू ९० लाख आवश्यक पर्छ। रकम अभाव भएपछि बीमा गर्न नसकिएको साहको भनाइ छ।

"दुवै रेलको बीमाका लागि रू एक करोड ८० लाख आवश्यक पर्छ", रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले भन्नुभयो।बीमा नगरिए पनि रेल दुघर्टना भएर कोहीले ज्यान गुमाएमा उनीहरुका परिवारजनलाई नेपाल रेल्वेको ऐनअनुसार प्रति व्यक्ति रू सात लाख क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको उहाँले बताउनुभयो। झाले भन्नुभयो, "एकातिर यहाँका बीमा कम्पनी रेलको बीमा गर्न तयार छैनन् भने अर्कोतिर बीमा गर्न बजेट अभाव छ। यात्रुको मात्रै बीमा गर्ने प्रक्रिया जटिल भएकाले हालसम्म रेल र यात्रु दुवैको बीमा गराउन सकेका छैनौँ।"

जयनगर-कुर्था रेल नेपाल रेल्वे कम्पनीले सञ्चालन गरे पनि हालसम्म दुवै रेल रेल्वे विभागको नाममा छन्।विभागले रेलको स्वामित्व कम्पनीलाई हस्तान्तरण नगरेको महाप्रबन्धक झाले जानकारी दिनुभयो।गत पुसमा वैदेही स्टेशनमा नेपाली रेलले किचेर एक यात्रुको मृत्यु भएको थियो। रेल खुल्न लागेको समयमा टिकट नलिइ चढ्ने क्रममा लड्दा किचिएर धनुषाको नगराइन नगरपालिकाका पूर्ण सदाको ज्यान गएको थियो।

उक्त घटनाको छानबिन गरीमृतकका परिवारजनलाई क्षतिपूर्ति दिनका लागि छानबिन समिति गठन गरिएको थियो। उक्त समितिले कम्पनी दैनिक लाखौँ रुपैयाँ घाटामा सञ्चालन भइरहेको, रेल तथा यात्रुको बीमा नभएको तथा मृतकले टिकट नलिएको कारण उल्लेख गर्दै क्षतिपूर्तिका लागि सिफारिस नगरेका कारण क्षतिपूर्ति दिइएको थिएन।

### *स्ववियु निर्वाचनमा...*

जाजरकोट र भेरी शिक्षा क्याम्पस सुर्खेत पाउने छ भने अनेरास्ववियु क्रान्तिकारीले केन्द्रीय क्याम्पस, तिला कर्णाली बहुमुखी क्याम्पस कालिकोट, मुसिकोट खलङ्गा बहुमुखी क्याम्पस रुकुम र जलजला बहुमुखी क्याम्पस रोल्पा पाउनेछन्। साथै, अनेरास्ववियुले रारा बहुमुखी क्याम्पस मुगु र विद्यापुर बहुमुखी क्याम्पस सुर्खेतमा स्ववियु सभापति पाउने गरी सहमति गरिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**


## विश्व समाचार

# चीनको वार्षिक रक्षा बजेट ७.२ प्रतिशत

बेइजिङ, २१ फागुन (रासस/सिन्ह्वा)।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले चालु वर्षको रक्षा बजेट ७.२ प्रतिशत हुने बताएको छ। गत वर्ष रक्षा क्षेत्रको बजेट ७.१ प्रतिशत थियो। आइतबार सार्वजनिक गरिएको मस्यौदा बजेटअनुसार यो वर्ष २२४.७९ बिलियन अमेरिकी डलर विनियोजन गरिएको छ।

चीनको राष्ट्रिय व्यवस्थापिकाको जारी बैठकमा बजेटको मस्यौदा प्रतिवेदन प्रस्तुत गरिएको छ। पश्चिमा मुलुकले चीनको सैन्य खर्चलाई विशेष चासोका साथ हेर्ने गरेका छन्। उनीहरूले रक्षा क्षेत्रमा चीनले अनपेक्षित रूपमा अधिक रकम विनियोजन गर्ने गरेको आरोप लगाउँदै आएका छन्।

जटिल सुरक्षा चुनौतीको सामना गर्न तथा आफ्नो प्रमुख जिम्मेवारी पूरा गर्न प्रस्तुत गरिएको बजेटलाई १४औँ राष्ट्रिय जन कङ्ग्रेसका प्रवक्ता वाङ चाओले उचित र व्यावहारिक भन्नुभएको छ। उहाँले रक्षा बजेट वृद्धि आवश्यक रहेको बताउँदै त्यो देशले अवलम्बन गरेको राष्ट्रिय प्रतिरक्षा नीति अनुकूल रहेको सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिनुभएको छ।

"रक्षा खर्चमा जति नै लगानी गरियोस् वा आफ्नो सशस्त्र बललाई जतिसुकै आधुनिकीकरण गरे पनि चीनले कहिल्यै प्रभुत्व, विस्तार वा प्रभावको क्षेत्र खोज्ने छैन," उहाँले भन्नुभयो। चीनको रक्षा बजेट संयुक्त राज्य अमेरिकाको करिब एक चौथाई हो।

यसैबीच, एएफपीका अनुसार हालैका वर्षमा चीन र अमेरिकाबीच व्यापार, मानवअधिकार र अन्य विषयलाई लिएर मतभेद बढ्दै आएको छ। गत महिना मौसमी विवरण सङ्कलनका निम्ति प्रक्षेपण गरिएको चिनियाँ बेलुन वायुको वेग र बहावका कारण अमेरिकी आकाशमा पुगेपछ दुई देशबीचको सम्बन्ध अझ चिसिएको छ।

अमेरिकाले आफ्नो जासुसी गर्न चीनले बेलुन छाडेको आरोप लगाउँदै त्यसलाई खसालेको थियो। चीनले अमेरिकी आरोपको खण्डन गर्दै आएको छ।

अमेरिकाले चीनको स्वशासित टापु टाइवानमा बेइजिङले आक्रमण गर्नसक्ने चेतावनी दिँदै आएका छन्। ताइवानी क्षेत्रमा बढ्दो चिनियाँ सैन्य गतिविधिलाई लिएर अमेरिकाले त्यस्तो चेतावनी दिएको हो। चीनले आवश्यक परेमा ताइवानमा बल प्रयोग गरेर त्यसलाई आफ्नो नियन्त्रणमा राख्ने वाचा गरेको छ।

रक्षा विश्लेषकहरूले पनि ताइवानमा अमेरिकी प्रभाव नियन्त्रण गर्न तथा उसलाई त्यहाँबाट बाहिर पार्न रक्षा बजेट र क्षमतामा लगातार लगानी बढाइरहेको छ।

उत्तरपूर्वी एशियामा हतियारको होडबाजी बढिरहेका बेला चीनले रक्षा खर्च बढाउनु स्वाभाविक भएको उनीहरूको विश्लेषण छ। क्षेत्रीय सुरक्षा परिदृश्यले पनि रक्षा खर्च बढाउनुपर्ने परिस्थिति सृजना भएको उनीहरू बताउछन्।

# ७ सय ७५ आइएईएका अधिकारीलाई निरीक्षणको अनुमति दिने इरानको वाचा

भिएना, २१ फागुन (रासस/एपी)।

इरानले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएईए)का निरीक्षकहरूलाई आफ्ना आणविक स्थल तथा जडान गरिने उपकरणको निरीक्षणका निम्ति अनुमति दिने वाचा गरेको छ। इरानी अधिकारीहरूले आफूसँग त्यस्तो वाचा गरेका आइएईएका प्रमुखले बताउनुभएको हो।

संयुक्त राष्ट्रसङ्घीय निकाय आइएईएका महानिर्देशक राफेल मारियानो ग्रोसीले शानिबार इरानका राष्ट्रपति इब्राहिम रायसी र अन्य उच्च अधिकारीसँग भेटवार्ता गर्नुभएको थियो।

सोही क्रममा उहाँहरूले आइएईएका निरीक्षणकर्तालाई सम्बन्धित स्थानमा पहुँच दिने वाचा गर्नुभएको महानिर्देशक ग्रोसीले आइतबार यहाँ पत्रकारहरूलाई जानकारी दिनुभयो। विगतमा राष्ट्रसङ्घीय निकायलाई ती स्थानमा इरानले पहुँच दिन अस्वीकार गरेको थियो।

इरानले के कस्ता उपकरण पुनस्थापना गर्छभन्ने विस्तृत जानकारी भने महानिर्देशक ग्रोसीले दिनुभएन। यद्यपि उहाँले विगतका अवरोध क्रमशः पन्छिदै गएका र केही ठोस कार्य गर्नचाहेको इरानी सङ्केत आफूले पाएको बताउनुभयो। उहाँले इरानको आश्वासनलाई सकारात्मक मान्नुपर्ने बताउनुभयो।

तेहरानले आफ्नो विवादित आणविक कार्यक्रमको निगरानी गर्ने आइएईएका अधिकारीलाई पहुँच दिनुपर्नेमा लामो समयदेखि राष्ट्रसङ्घले माग गर्दै आएको थियो।

# अफगान सुरक्षा फौजको कारबाहीमा आइएसका ६ लडाका मारिए

हेरात, २१ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको हेरात प्रान्तमा यहाँको सुरक्षा फौजले गरेको सुरक्षा कारबाहीका क्रममा कम्तीमा पनि छ जना आइएस लडाका मारिएका छन्।

सो प्रान्तका प्रान्तीय प्रहरी प्रमुख अब्दुल्लाह इनसाफले सो कुराको जानकारी दिनुभएको छ। उहाँका अनुसार यहाँको सुरक्षा फौजले आइएसकाविरुद्धमा गरेको कारबाहीका क्रममा ती लडाका मारिएका हुन्।

शनिबार भएको सो कारबाहीका क्रममा मारिनेमा एकजना महिला पनि परेका बताइएको छ। प्रवक्ता इनसाफले हेरात प्रान्तको रबट काबुली गाउँमा आइएसले आश्रयस्थल नै बनाएर हिंसात्मक क्रियाकलाप गरेको सूचनाका आधारमा सो कारबाही गरिएको थियो।

त्यस कारबाहीमा परेर अरु केही लडाका घाइते पनि भएका छन्। उक्त क्षेत्रमा अफगान सरकारको सुरक्षा फौजले खोजी अभियान सञ्चालन गरिरहेको छ।

# दिवा खाजा कार्यक्रमका लागि ल्याइएको चामल गुणस्तरहीनप्रति इन्सेकको गम्भीर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

विश्व खाद्य कार्यक्रम अन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशका विद्यालयका दिवा खाजा कार्यक्रमका लागि ल्याइएको चामल गुणस्तरहीन अवस्थामा फेला परेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै इन्सेकले पूर्व परीक्षणको माग गरेको छ ।

इन्सेकका अध्यक्षा डा. कुन्दन अर्यालद्वारा फागुन २१ गते जारी विज्ञप्तिमा विश्व खाद्य कार्यक्रमले वितरण गर्ने खाद्यान्नको पूर्व परीक्षण अनिवार्य गर्न माग गरिएको छ ।

'५४ हजार किलो भिजेको, मक्किएको र गन्हाएको चामल नेपाल भित्र्याउन लागिएको घटनालाई हामीले नेपाली जनताको स्वस्थ्यकर खाद्यान्नको हकविरुद्ध र विशेषत: बालबालिकाको सर्वोत्तम हित प्रतिकूल गम्भीर हेलचेक्र्याँइ ठानेका छौं ।' विज्ञप्तिमा भनिएको छ ।

नेपालका दुर्गम क्षेत्रमा कामका लागि खाद्यान्न तथा दिवाखाजाजस्ता कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमले ४५ वर्ष अघिदेखि खाद्यान्न वितरण गर्दै आएको छ ।

२०६६ जेठ, असार र साउन महिनामा जाजरकोट लगायतका पहाडी जिल्लामा ३ सय जनाभन्दा बढी नागरिकको झाडापखालाका कारण मृत्य भएपछि इन्सेकले गरेको स्थलगत अध्ययनमा खाद्यान्न वितरणका क्रममा हुने गरेको अनियमिता छर्लङ्ग भएको थियो ।

'२०६६ साउन ३१ गते सार्वजनिक गरिएको उक्त अध्ययन प्रतिवेदनमा विश्व खाद्य कार्यक्रमले जाजरकोटसहितका पहाडी जिल्लामा वितरण गरेको कुहिएको चामल पनि झाडापखालाको एउटा कारण भएको जनाएको थियो । प्रतिवेदनमा अखाद्य खानेकुराको वितरण तथा उपभोग गरिएको र म्याद नाघेको वाटर प्युरिफायर बाँडिएको उल्लेख गर्दै खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले सङ्कलन गरिएको यथेष्ट नमूनाका आधारमा जाजरकोटमा वितरीत चामल खान नमिल्ने भएको ठहर गरेको जानकारी समेत समावेश गरिएको थियो ।'- प्रतिवेदनलाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उक्त प्रकरणको छानबिन गरी दोषीमाथि कारबाही चलाउन नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घलाई समेत गरिएको ध्यानाकर्षणको बेवास्ता गरिएको इन्सेकको आरोप छ ।

'हामी विश्व खाद्य कार्यक्रमले नेपालमा आपूर्ति गर्ने सबै प्रकारका खाद्यान्नको परीक्षण अनिवार्य गरी नेपाली जनताको खाद्यसम्बन्धी संवैधानिक हक सुनिश्चित गर्न माग गर्दछौं । साथै, अखाद्य सामग्री बालबालिकालाई वितरण गर्न ल्याउन लागिएको घटनाको छानबिन गरी त्यस कार्यमा संलग्न दोषीहरूमाथि कानुनी कारबाही चलाउन समेत नेपाल सरकारसँग माग गर्दछौं ।'- विज्ञप्तिमा उल्लेख छ ।

# रिट दर्ताबारे माओवादी केन्द्रको असहमति

काठमाडौँ, २१ फागुन (रासस) ।

नेकपा (माओवादी केन्द्र)ले दश वर्षे जनयुद्धका क्रममा भएका घटनाबारे सत्यनिरूपण तथा बेपत्ता छानबिन आयोगले काम गरिरहेको उल्लेख गर्दै आयोगको क्षेत्राधिकारभित्रका विषयलाई असर पर्ने गरी कुनै पनि निर्णय नगर्न आग्रह गरेको छ ।

माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले आइतबार प्रेस विज्ञप्तिमार्फत प्रतिगामी तत्व सलबलाइरहेका अवस्थामा अग्रगामी परिवर्तनका पक्षधर राजनीतिक शक्ति तथा पार्टी एकजुट हुनुपर्ने उल्लेख गर्नुभएको छ ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही वर्ष पहिले दिनुभएको अभिव्यक्तिलाई लिएर सर्वोच्च अदालतले रिट दर्ता गर्न दिएको आदेशप्रति पनि सो विज्ञप्तिमा आपत्ति जनाइएको छ ।

सो विज्ञप्तिमा भनिएको छ, "ज्ञानेन्द्रराज आरणले नेकपा ( माओवादी केन्द्र)का अध्यक्ष दाहाल उपर दायर गरेको रिट निवेदन सर्वोच्चका रजिष्ट्रारले दर्ता गर्न नमिल्ने भनेकामा त्यसलाई बदर गरी रिट दर्ता गर्नु भनी यही फागुन १९ गते आएको अर्को आदेशप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।"

संविधानसभाबाट जारी भएको नेपालको संविधान र सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रतिनिधित्व र लोकतान्त्रिक गणतन्त्रका आधारभूत संरचनासहितका उपलब्धिविरूद्ध हुने कुनै पनि गतिविधिलाई माओवादी केन्द्रले अस्वीकार गरेको पनि सो विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, "अध्यक्ष दाहालले संविधानप्रदत्त वाक स्वतन्त्रताको उपभोग गरी अमुक सार्वजनिक कार्यक्रममा व्यक्त विचारलाई अतिशयोक्तिपूर्ण ढङ्गले व्याख्या र तर्क गरी ती अभिव्यक्तिलाई कारबाहीको विषय बनाइनुपर्छ भनी पूर्वाग्रही भावनाले दायर भएको रिट निवेदन न्यायिक पुनरावलोकनको सामान्य सिद्धान्त तथा नेपालको संविधानले प्रदान गरेको विचार र अभिव्यक्ति स्वतन्त्रताको विपरित भएको सम्बद्ध निकायलाई अवगत गराउन चाहन्छौं ।"

सङ्क्रमणकालीन न्यायको मूल्य तथा मान्यताविपरीत हुने कार्य र गतिविधिले मुलुकमा स्थापित शान्ति प्रक्रियामा गम्भीर चुनौती सिर्जना हुने उल्लेख गर्दै माओवादी केन्द्रले आर्थिक समृद्धिसहितको थप राजनीतिक उपलब्धि संस्थागत गर्न सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ ।

# माओवादी आन्दोलनका सबै समूहलाई एकतामा आउन अध्यक्ष दाहालको आह्वान

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रधानमन्त्री एवम् नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी आन्दोलनका सबै समूह र धारलाई एक ठाउँमा आउन आह्वान गर्नुभएको छ ।

जनयुद्धकालीन माओवादी नेताहरु डा बाबुराम भट्टराई, नेत्रविक्रम चन्द, धर्मेन्द्र बाँस्तोलालगायत नेताहरु उपस्थित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले माओवादी आन्दोलनका सबै समूहलाई पार्टी एकतामा आउन आग्रह गर्नुभएको हो । माओवादीले हरेक वर्ष फागुन १४ देखि २१ गतेसम्म मनाउँदै आएको सहिद सप्ताहको आइतबार अन्तिम दिन 'सहिद तथा बेपत्ता योद्धा सन्तति फाउण्डेशन'द्वारा आयोजित अन्तरक्रियालाई सम्बोधन गर्दै उहाँले माओवादी आन्दोलन कमजोर नभए पनि विभिन्न धार र भङ्गालामा बाँडिएपछि प्रभाव घटेका कारण पुन: एकताबद्ध हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

वर्तमान सरकारले जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसको मान्यता दिएको तथा सहिद घोषणाका लागि राजपत्रमा सूचना प्रकाशित गर्नेलगायत निर्णय गरेपछि केही शक्तिलाई सह्य नभएको प्रधानमन्त्री दाहालको भनाइ थियो । उहाँले यतिबेला चर्को बोल्ने भन्दा पनि काम गर्ने समय भएको जिकिर गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारका तर्फबाट जनयुद्ध, जनआन्दोलन र त्यस आन्दोलनमा सहादत प्राप्त गर्ने सहिद र बेपत्ता योद्धालाई सम्मान गर्ने काम एकपछि अर्को गर्दै अघि बढेको छ । त्यसमा प्रतिक्रियावादी आतङ्कित भएका छन् । तिनीहरु फेरि एक पटक माओवादीसँग तर्सिएका छन् । माओवादीका नाममा तथानाम गालीगलौज गर्न थालेका छन् ।"

प्रधानमन्त्री दाहालले यो बेला चर्को बोल्ने समय नभई काम गर्ने समय भएकाले आफू केन्द्रित भएको बताउनुभयो । "कामबाटै प्रतिक्रियावादी शक्तिविरुद्ध लडिरहेको छु", उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले केही 'भूत प्रेत' निक्लिँदैमा इतिहास र त्यागको कीर्तिमान कायम गरेका महान सहिद नसिद्धिने बरु ज्यूँदो जाग्दो भएर आउने उल्लेख गर्नुभयो ।

माओवादीविरुद्ध निरन्तर षड्यन्त्र भइरहेकाले आफ्ना तर्फबाट भ्रम चिर्न प्रधानमन्त्री दाहालले सबैलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "प्रतिक्रियावादी भ्रम छर्ने, घेरा हाल्ने र सखाप पार्ने रणनीतिमा छन्, माओवादीले भ्रम चिर्ने, घेरा तोड्ने र प्रतिरोध गर्ने हो, यो काम माओवादीले विगतदेखि नै गर्दै आएको छ ।"

सबै माओवादी एक ठाउँमा उभिएर जनतालाई अपिल गर्ने, सहिद तथा बेपत्ताको सपना र भावनालाई पूरा गर्ने सङ्कल्प गर्ने हो भने त्यो विजयको दिन हुने प्रधानमन्त्री दाहालको भनाइ थियो ।

## श्रोत नखुलेको ...

...राज्यको कैसुर दत्तिया ग्राम पञ्चायत निवासी ५४ वर्षिय चन्द्रशेखर ठाकुर छन् ।

शुक्रवार साँझ पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान पुरा भएपछि कार्वाहीको लागि आइतबार सुनसरीको इटहरीस्थित आन्तरिक राजश्व अनुसन्धान कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

भारतीय सीमासँग जोडिएको उक्त क्षेत्रमा भारतबाट पैदलै आउँदै गरेको अवस्थामा शंका लागि तिलाठी प्रहरी चौकी र सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट सप्तरीबाट खटेको संयुक्त टोलीले चेक जाँचको क्रममा श्रोत नखुलेको उक्त रकम बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

फागुपर्व सभ्य रुपमा मनाऔं।
➤ आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
➤ जबरजस्ती लोला हान्ने, पानी छयाप्ने तथा रङ्ग दल्ने काम नगरौं।
➤ सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
➤ हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
➤ मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
➤ गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।
चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*